सिविन-नेपाल र प्लान नेपालको साझेदारीमा प्रकाशित




वर्ष २, अंक ३, पौष २०६४, काठमाण्डौ

## यस अंकमा......

१. सम्पादकीय

२. बालबालिकाका राष्ट्रिय सवालहरु

३. बालबालिका जोखिममा

४. बालबालिकामाथि हिंसा

५. बाल आवाज

६. गतिविधि

७. तथ्य

## महिनाको तस्वीर...




तस्वीर श्रीराम के.सी.

**संविधान निर्माण प्रक्रियामा हाम्रो पनि सहभागिता !**
**बालबालिकाका सवाललाई गर्नुपर्छ सुनिश्चितता !!**

✍ *सम्पादकीय :*

# संविधान निर्माण प्रक्रियामा बालबालिकाको सहभागिता

संविधान देशको मूल कानुन हो । यसको निर्माण प्रक्रियाका विविध स्वरुपहरु रहेका छन् । जसमध्ये संविधान सभा पनि एउटा लोकतान्त्रिक प्रक्रिया हो । हाम्रो देशमा प्रथमपटक संविधान सभाको निर्वाचनको प्रक्रिया अगाडि बढिरहेको छ । यद्यपि,यसका प्रक्रियाकै बारेमा समेत प्रसस्त बहस, छलफल र विचारहरु मन्थन भइरहेका छन् । मूलतः संविधान निर्माण प्रक्रियालाई समावेशी बनाउनुपर्ने धारणा स्पष्ट रुपमा अठाडि आइरहेको छ । जसलाई, समानुपातिक प्रतिनिधित्वको सिद्धान्त मान्ने गरिएको छ । यद्यपि, यसका बारेमा समेत प्रसस्त गृहकार्य हुनु उत्तिकै जरुरी छ ।

विशेषतः विविध जाति, जनजाति, भाषा, लिङ्ग, क्षेत्रको समानुपातिक प्रतिनिधित्वको कुरा उठिरहेको सन्दर्भमा समाजमा पछाडि पारिएको दलित, महिला र बालबालिकाका सवालहरुलाई पनि उपेक्षित गरिनु हुँदैन । त्यसमाथि पनि, कूल जनसंख्याको झण्डै आधा हिस्सा ओगटेका बालबालिकाका सवालहरुलाई यस प्रक्रियामा समावेश गराउन सकिएन भने, निश्चित रुपमा संविधान सभालाई पूर्णता मान्न सकिन्न ।

हालै राजधानीमा सम्पन्न भएको बालबालिकाको राष्ट्रिय भेलाले पनि यहि आसयको अभिव्यक्ति प्रस्तुत गरेको थियो । ४८ जिल्ला ५७ जना बालक्लबका प्रतिनिधिहरुको साझा सवाल थियो । नयाँ बन्ने संविधानमा बालअधिकारको सुनिश्चितता गरिनुपर्ने । यदि, अहिलदेखि नै संविधान सभाको निर्वाचन प्रक्रियामा बालबालिकालाई सहभागिता नगराउने हो भने, बालबालिकाका सवाललाई आगामी संविधानमा सुनिश्चित गराउन नसकिने धारणा उनीहरुको थियो । त्यसो त, उनीहरुले राज्यले व्यवस्था गरेका कतिपय कानुन, नीति र कार्यक्रमहरुलाई समेत व्यवहारमा रुपान्तरण गर्न नसकेकोमा तीखो टिप्पणी पनि गरेका थिए । उनीहरुले भने– "व्यवहारमा रुपान्तरण गर्न सकिँदैन भने,त्यस्ता कानुन, नीति र कार्यक्रम बनाएर मात्रै के काम ?" ।

निश्चय पनि उनीहरुले उठाएका सवालहरु अत्यन्त महत्वपूर्ण संवेदनशील थिए । यसलाई राज्यका जिम्मेवार निकाय, राजनैतिक पार्टी तथा सामाजिक संघसंस्थाहरुले समेत अत्यन्त महत्वका साथ लिनु पर्दछ । अनि, व्यवहारिक रुपमा उनीहरुको सहभागितालाई सुनिश्चित पनि गरिनुपर्दछ ।

❒



# हामी बालबालिकाका राष्ट्रिय सवालहरु

२९ मंसीर २०६४, काठमाडौं

नेपालले अनुमोदन गरिसकेको बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धीहरुमा उल्लेखित प्रतिबद्धताअनुरुप बालबालिकाको समग्र अधिकारको सुनिश्चितताका लागि, नयाँ बन्ने संविधानमार्फत बालअधिकार सुनिश्चित गर्नुपर्ने हाम्रा आवाजलाई कदर गर्दै,

नेपालका ६३ जिल्लाका बालक्लबका प्रतिनिधिले स्थानीयस्तरदेखि राष्ट्रियस्तरसम्म परामर्श र छलफल गरी आएका सुझाव र सिफारिसलाई **"संविधान निर्माण प्रक्रियामा बालबालिकाको सहभागिता"** बिषयक राष्ट्रिय बालभेलामा ४८ जिल्लाका हामी बालप्रतिनिधिले निम्नानुसारका सवालहरु पहिल्याएका छौं ।

१. कक्षा एकदेखि उच्चमाविसम्म निशुल्क, अनिवार्य, व्यवहारिक र जीवनोपयोगी गुणस्तरीय शिक्षाको व्यबस्था गरिनुपर्ने, साथै बालिका शिक्षामा विशेष जोड दिनुपर्ने,

२. मदरसा, गुम्बा र गुरुकुल शिक्षालाई विद्यालय सरह सरकारी सुविधा दिई एकरुपता कायम गरिनुपर्ने,

३. विद्यालय, बालक्लब र बालबालिकासँग सम्बन्धित क्षेत्रहरुलाई शान्ति क्षेत्रको रुपमा घोषणा गरी प्रभावकारी रुपमा लागू गरिनुपर्ने,

४. देशव्यापी रुपमा बालबालिकाका लागि निःशुल्क स्वास्थ्यसेवा तथा औषधोपचारको सरल र सुलभ रुपमा व्यवस्था गरिनुपर्ने,

५. अपाङ्गतामा रहेका बालबालिकाका लागि उपयुक्त स्वास्थ्य, शिक्षा र अन्य सेवाहरु उपलब्ध गराईनुपर्ने,

६. बालबालिकालाई सशस्त्र फौज, समुह तथा सुराकी एवं राजनैतिक प्रयोजनका लागि प्रयोग गर्न रोक लगाउने र प्रभावितलाई संरक्षण गरिनुपर्ने,

७. प्रत्येक जिल्लामा बाल इजलास तथा बालसुधार गृहको व्यवस्था गरिनुपर्ने,

८. हत्या, अपहरण, श्रमशोषण, यौनदुर्व्यवहार लगायतका बालबालिकाविरुद्ध गरिने सबैप्रकारका हिंसा र भेदभावबाट बालबालिकालाई संरक्षण गरिनुपर्ने,

९. बालबालिकाको विषयमा नीतिनियम, योजना र कार्यान्वयन गर्दा सबै तहमा बालबालिकाको सहभागिता सुनिश्चित गरिनुपर्ने । साथै गा.वि.स.र जिल्लास्तरबाटै बालक्लबका लागि बजेटको व्यवस्था गरिनुपर्ने ।

१०. बालबालिकाको जीवनमा नकारात्मक प्रभाव पार्ने रीतिरिवाज र सामाजिक परम्पराहरु जस्तैः छाउपडी, कम्लरी, गर्भमै हुँदा मगनी गर्ने, लिङ्गको आधारमा गर्भपतन लगायत धुम्रपान, मदिरा किन्न बालबालिकाको प्रयोग, बालविवाह, बालबालिका बेचबिखनमा रोक लगाई त्यसबाट पीडित बालबालिकाका लागि बिषेश व्यवस्था गरिनुपर्ने,

११.आमाबाबुविहीन र बिछोडिएका बालबालिकाका लागि संरक्षणको व्यवस्था गरिनुपर्ने,

१२.बालबालिकाको सहभागिताको अधिकारलाई कदर गर्दै संविधान निर्माण प्रक्रियामा बालबालिकाको सहभागिता सुनिश्चित गरिनुपर्ने,

## बालबालिका जोखिममा

१७ असोजमा ललितपुरका ८ वर्षीय बालक धिरज अधिकारीलाई हत्या गरिएको घटना सेलाउन नपाउँदै राजधानीमा फेरि अर्को यस्तै घटना घट्यो । ११ वर्षीय बालक रोहित गुप्ताको हत्या गरी कमलादी गणेशस्थान छेउमा बोरामा बाँधेर फ्याकिएको अवस्थामा फेला पारिएको थियो । त्यसो त एक सातामा मात्र राजधानीका विभिन्न स्थानबाट ६ जना बालबालिका अपहरणमा परेका छन् ।

असन कामलाक्षीको आफ्नै कोठाबाट २५ भदौदेखि हराएका आठ वर्षीय समीर काफ्ले हालसम्म पनि फेला परेको छैनन् । परिवारले प्रहरी प्रसाशन देखि सरोकारवालाहरुसँग छोरा खोजिदिन पहल गरिदिन माग गर्दा पनि हालसम्म कतैबाट कुनै ठोस पहल काम नभएको गुनासो परिवारजनको रहेको छ । अपहरणकारीले बच्चा हामीसँग छ भनेर फोनबाट धम्की दिइरहँदा सम्म पनि राज्यपक्षबाट पहल नभएकै कारण समीरलाई अपहरणकारीबाट छुटाउन नसकेको परिवारले जानकारी दिएको छ ।

देशको राजधानी काठमाडौंमा २२ मंसिर २०६३ देखि २०६४ असोज मसान्तको करिब १ वर्षको अवधिमा १ हजार ५ सय १७ जना बालबालिका हराएका छन् । ती मध्ये १ हजार ३ सय ५३ जना फेला परेका छन् भने बाँकी १ सय ६४ बालबालिका अझै हराइरहेका छन् । बालबालिका खोज तलास समन्वय केन्द्र काठमाडौंका अनुसार सुरक्षा, सञ्चार र सबै सुबिधाबाट सम्पन्न राज्यको राजधानीमा यसरी बालबालिका हराउने र अपहरणमा परेका मात्र छैनन उनीहरुको अपहरण पछि हत्या भएका बालबालिको संख्या पनि १ दर्जन पुगिसकेको छ ।

प्रस्तुती: शुभराज पोखरेल

## बालबालिकामाथि हिंसा

सन् २००७ को जनवरी देखि सेप्टेम्बर सम्ममा प्रकाशित तथ्य–तथ्याङ्कहरु, अनुसन्धान प्रतिवेदन, पत्रपत्रिकाहरुमा प्रकाशित संकलित सूचना र सिविन हेल्पालाइनमा रेकर्ड भएका विभिन्न सूचनाहरुमा आधारित रहेर सिविन श्रोत तथा सूचना केन्द्रले बालदुराचार, बालयौन शोषण, बालबालिकाको ओसार–पसार, जबरजस्ती देहव्यापार, बलात्कार, बालश्रमशोषण, बालमृत्यु, हराएका बालबालिका, धर्मपुत्र–पुत्री, बाल स्वास्थ्य, हत्या, आत्महत्या, द्वन्द्वमा परेका बालबालिका र बालबिजाँइ सम्बन्धी जम्मा ६ हजार ८ सय वटा घटनाहरु रेकर्ड भएका छन् ।

गत वर्ष बालबालिकामाथि परिलक्षित हिंसाका ४८५ वटा घटनाहरु आएका छन् । जसमा ३२ जना बालबालिकालाई पारिवारिक झगडा, रीसइवी तथा अन्य कारण हत्या गरिएको थियो भने १६ जनालाई हत्या गर्ने प्रयास गरिएको थियो । त्यसैगरी सन् २००७ को जनवरी देखि सेप्टेम्वर सम्ममा १ हजार ७ सय ३ वटा घटनाहरु प्रकाशमा आएका छन् । जसमा ३८ जना बालबालिकालाइ पारिवारिक झगडा, रीसइवी तथा अन्य कारण हत्या गरिएको थियो भने ५ जनालाई हत्या गर्ने प्रयास गरिएको थियो । गत वर्षको तुलनामा यस वर्षमा बालबालिकामाथि परिलक्षित घटनाहरु अत्याधिक मात्रामा बृद्धि भएको छ ।

यसरी अपहरण गरिएका, हराएका बालबालिकहरु मध्ये केहीलाई घरेलु श्रमिक, होटल रेष्टुराँ, गलैंचा अन्य कल–कारखानाहरुमा जोखिमपूर्ण श्रम गर्न बाध्य पारेका हुन्छन् भने केहिलाई भारतका खानी उद्योग, जरी भर्ने जस्ता कल–कारखानाहरुमा जोखिमपूर्ण श्रम गर्न बाध्य बनाउने गरिएको पाइएको छ । त्यसो त कतिपय बालबालिकाको अङ्ग झिकी प्रत्यारोपण गर्ने, यौनशोषणको लागि बेचविखन गर्ने, लागुपदार्थ ओसार–पसार गर्ने, र बालबालिकाको अङ्गहरु काटेर बाटोमा पैसा माग्न लाउने, हत्या गर्ने जस्ता अमानवीय कार्यहरु भइरहेको कुरा पनि प्रकाशमा आएका छन् ।

प्रस्तुती: अञ्जना प्रधान, सिविन सूचना तथा श्रोत केन्द्र ।

**मंसीर २८ र २९ गते काठमाण्डौमा राष्ट्रिय बाल भेला आयोजना भएको थियो । उक्त भेलामा ४८ जिल्लाका ५७ जना बालप्रतिनिधिहरूको सहभागिता रहेको थियो । उक्त बालभेलामा सहभागी बालबालिकाले बालअधिकारका विविध पक्षमाका बारेमा आफ्नो धारणा राख्नुभएको थियो । उहाँहरूले राख्नुभएको धारणा यस्तो थियो ।**

बालबालिकाको लागि मुख्य रुपमा शिक्षा चाहिन्छ । परिवारमा बसेका बालबालिका भन्दा पनि गाह्रो काम गरी जीवन बिताइरहेका बालबालिकालाई विशेष व्यवस्था हुनुपर्दछ ।

झरना वि.क, मंगलपुर चितवन ।

संविधान देशको मूल कानुन हो । बालबालिका राष्ट्रका नागरिक हुन् । हामी बालबालिका युद्ध वा झगडा मन पराउँदैनन् । २०४७ सालमा बनेको संविधानले परेवालाई शान्तिका प्रतीकका रुपमा मानेको छ । तर, परेवा शान्तिको प्रतीक नभइ बालबालिका शान्तिको प्रतीक हुनुपर्दछ । अब बन्ने संविधानमा बालबालिकाका कुरालाई सुनिश्चित गरिनुपर्दछ ।

यशोदा कार्की, तेह्रथुम

आफ्नो राजनीतिक उद्देश्य पूर्तिका लागि बालबालिकालाई उक्साउनु हुँदैन । उनीहरुले बालबालिकाको भलो कसरी हुन्छ भनेर साथ दिनुपर्दछ । त्यस्ता नेताहरुलाई मात्र हाम्रा अभिभावकहरुले भोट दिनुपर्दछ, जसले बालबालिका बिषयलाई राम्ररी बुझेको होस् ।

प्रकाश मिश्र, कैलाली

संविधान सभा कहिले हुने हो निश्चित छैन । चुनावको नाममा धेरै खर्च भइसक्यो । तर अझै चुनाव हुने संकेत छैन । तर पनि अब बन्ने संविधानमा हाम्रा सबै सवालहरु समेटिनु जरुरी छ ।

गोकुलप्रसाद देवकोटा, अछाम

हाम्रो जिल्लामा विद्यालयमा राम्रो पढाइ नै हुँदैन । शिक्षकहरु बेलैमा कक्षामा आउँदैनन् । आए भनेपनि तिमीहरु आफै पढ भनेर जान्छन् । यस्ता अवस्थामा हामीले कसरी गुणस्तरीय शिक्षा पाउन सक्छौ । सम्बन्धित निकायले ध्यान दिनु जरुरी छ ।

विपिन कठायत, त्रिपुराकोट, डोल्पा

हाम्रो गाउँमा धेरै कुराहरुको समस्या छ । बालबालिकामाथि विभिन्न खालका दुर्व्यवहार हुँदा पनि कसैले केही गरेका छैनन् । कानुनको व्यवहारिक कार्यान्वयन भएको छैन ।

चिजबहादुर भूल, मूडभरा, डोटी

संविधान सभाको चुनाव भएमा मात्र हामी यो भेलामा आएको सार्थक हुन्छ । संविधानमा छुटाउनै नहुने कुरा भनेको बालबालिकाको सहभागिताको अधिकार, विकासको अधिकार, संरक्षणको अधिकार र बाँच्न पाउने अधिकारका कुरा व्यवहारमा लागू हुनुपर्दछ ।

लिला शाही, सुर्खेत

## समुन्नत, समृद्ध, नयाँ नेपाल !

# नयाँ नेपालको निर्माण
# बालबालिकाको साथमा थालौं !!!

CWIN

Plan
Be a part of it.

बालअधिकार सम्बन्धी सम्पूर्ण जानकारीका लागि पाक्षिक रेडियो पत्रिका

# बाल चौतारी

आइतबार बेलुकी ६ देखि ६.४५ बजेसम्म
रेडियो सगरमाथा एफ.एम १०२ थोप्लो ४ मेगाहर्जमा
अवश्य सुन्नुहोस्

*गतिविधिहरु*




तस्वीरः सूर्यनारायण श्रेष्ठ/बास

## अन्तर्राष्ट्रिय मानवअधिकार दिवस सम्पन्न

काठमाण्डौ बास-५९ औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको सन्दर्भमा संविधानसभा दबाब अभियान र लोकतन्त्र र सामाजिक रुपान्तरणको लागि नागरिक अभियानले सार्वजनिक सुनुवाइ कार्यक्रमको आयोजना गरेको छ । उक्त कार्यक्रममा मानवअधिकार रक्षाको लागि राजनीतिक निकास आवश्यक भएकोमा राजनैतिक दलका नेताहरुले जोड दिएका छन् ।

# देशका विभिन्न भागमा किशोरी शिक्षा सम्बन्धी छलफल एवं अभिमुखी कार्यक्रम सम्पन्न



विराटनगर बास– किशोरीसँग सम्बन्धित विभिन्न बिषयबस्तुहरुमा केन्द्रित रही छलफल गर्ने उद्देश्यले देशका विभिन्न भागमा किशोरी शिक्षा सम्बन्धी छलफल एवं अभिमुखी कार्यक्रम सम्पन्न भएको छ ।

विशेषतः किशोरीसँग सम्बन्धित विभिन्न बिषयवस्तु बारे सामाजिक कार्यकर्तालाई जानकारी गराउने, किशोरीहरुको आधारभूत हक अधिकार र संरक्षण बारे सचेतना अभिबृद्धि गर्ने उद्देश्यले यस्तो कार्यक्रमको आयोजना गरिएको हो । कार्यक्रममा किशोरी अवस्था,बाल बिवाह,चेलिबेटी बेचबिखन, गर्भपतन,परिवार नियोजन,यौन शिक्षा,एच. आई.भी,बलात्कार,लैङ्गिक विभेद,महिनावारी ,जीवन उपयोगी सीप शिक्षाका बारेमा छलफलगरिएको थियो । यस्तो कार्यक्रम विराटनगर, मकवानपुर, सिन्धूपाल्चोक, काभ्रेपलाञ्चोक र कास्कीमा आयोजना गरिएको सिविन बालिकाका जगत लामाले जानकारी दिनुभयो ।

## संविधान निर्माण प्रक्रियामा बालबालिकाको सहभागिता सुनिश्चित हुनुपर्ने



तस्वीरः श्रीराम के.सी

काठमाण्डौ बास– संविधान सभाको निर्वाचनको कुरा उठिरहेका बेला, अब बन्ने नयाँ संविधानमा बालअधिकारलाई पनि सुनिश्चितता गरिनुपर्ने बालबालिकाले माग गरेका छन् । नेपालका ४८ जिल्लाका ५७ जना बालबालिकाका प्रतिनिधिहरुको सहभागितामा आयोजित राष्ट्रिय बाल भेलाका सहभागीहरुले यस्तो माग गरेका हुन् । राजधानीमा आयोजित उक्त बाल भेलाका सहभागीहरुको एउटै माग थियो, संविधान निर्माण प्रक्रियामा बालबालिकाको सहभागितालाई सुनिश्चित गरियोस् । उक्त भेलाको उद्घाटन कार्यक्रममा सेभ द चिल्ड्रन युस की उदयलक्ष्मी प्रधानागले नेपालको नयाँ संविधानमा बालअधिकार सुनिश्चित गर्नको लागि राष्ट्रिय स्तरमा यस्तो छलफल आयोजना गरिएको बताउनुभयो । उहाँले बालबालिकाको निमित गर्ने हरेक निर्णयमा बालबालिकाको सहभागिता सुनिश्चित गर्नुपर्ने धारणा राख्नुभयो ।

त्यसो त भेलामा सहभागी अछाम जिल्लाका बालक गोकुलप्रसाद देवकोटाले आफूले विभिन्न सरोकारवालाहरुसँग यस्तो खालको छलफल गरेको बताउनुभयो ।

यस्तै, तेह्रथुमकी बालिका यशोदा कार्कीले बालबालिका भोलिका सुन्दर देशको कल्पना गर्ने प्रतिनिधिहरु भएको बताउनुभयो ।

बृहत रुपमा गरिएको यस्तो छलफल कार्यक्रममा सहभागीहरुले दुई दिनसम्म छलफल गरी १२ बुँदे बालबालिकाका राष्ट्रिय सवालहरु समेत सार्वजनिक गरेका छन् । उक्त सवालहरुलाई उनीहरुले सभामुख समक्ष बुझाएका छन् ।



## सिविनका प्रतिनिधि कोलम्बोमा

कोलम्बो बास–फोरुट श्रीलंकाले आयोजना गरेको द्वन्द्वको संवेदनशीलता र शान्ति निर्माण सम्बन्धी अन्तर्राष्ट्रिय कार्यशाला कोलम्बोमा सम्पन्न भएको छ । उक्त कार्यशालामा नेपालका तर्फबाट सिविन नेपालका तारक धिताल, रश्मिला शाक्य, अञ्जना प्रधान, माधव लोहनी र कृष्ण श्रेष्ठको एक प्रतिनिधि मण्डलले सहभागिता जनाएको थियो । उक्त कार्यक्रममा नेपालमा फोरुटले गरिरहेका विविध गतिविधि र श्रीलंकामा भइरहेका गतिविधिहरुका बारेमा एक आपसमा अनुभव आदानप्रदान गरिएको थियो ।

*तथ्य*

# बालबालिकाको स्थिति २००७

### नेपाल

१. नेपालमा १६ वर्षमुनिका बालबालिकाको संख्या कूल जनसंख्याको ४०.९४ प्रतिशत रहेको छ

२. नेपालमा ४६ प्रतिशत बालबालिका कुपोषणबाट पीडित छन्

३. नेपालमा बाल मृत्युदर प्रति हजार ६१ जना रहेको छ

४. नेपालमा शिशु मृत्युदर प्रति हजार ४८ जना रहेको छ

५. नेपालमा नवजात शिशु मृत्युदर प्रति हजार ३८ जना रहेको छ

६. नेपालमा वर्षेनी २७ हजार बालबालिका झाडापखालाबाट मर्दछन्

७. नेपालमा विद्यालयको जम्मा संख्या २८१३१

८. नेपालमा ८७.४ प्रतिशत बालबालिका भर्ना हुने गरेका छन्

९. नेपालमा छात्राको प्राथमिक विद्यालय भर्ना दर ४८ प्रतिशत

१०. आदिवासी बालबालिकाको प्राथमिक विद्यालय भर्ना दर ३८ प्रतिशत

११. दलित बालबालिकाको प्राथमिक विद्यालय भर्ना दर १८ प्रतिशत

१२. अपाङ्ग बालबालिकाको प्राथमिक विद्यालय भर्ना दर १ प्रतिशत

१३. नेपालको कूल ग्राहस्थ उत्पादनमा बालबालिकाको ६ प्रतिशत योगदान रहेको छ

१४. नेपालमा अपाङ्ग बालबालिका कूल जनसंख्याको १० प्रतिशत रहेका छन्

१५. वर्षेनी १२ हजार चेलीबेटीहरु नेपालबाट भारतमा लगेर बेचिन्छन्

१६. नेपालमा बालश्रमिकको संख्या २६ लाख रहेको छ

१७. नेपालमा सडक बालबालिकाको अनुमानित संख्या ५ हजार रहेको छ

१८. नेपालमा हुने विवाहहरुमध्ये ३४ प्रतिशत बालविवाह हुने गर्दछ

१९. देशमा चलेको सशस्त्र द्वन्द्वका कारण हालसम्म ४८७ बालबालिकाको मृत्यु भइसकेको छ।

२०. नेपालमा घरेलु बालश्रमिकको संख्या ५६ हजार रहेका`छ ।

२१. काठमाडौं उपत्यकामा यातायात श्रम क्षेत्रमा बालश्रमिकको संख्या २२ सय रहेको छ।

२२. मादक पदार्थ सेवन गर्नेहरुमा १७.४प्रतिशत बालबालिकाहरु १०–१६ बर्ष उमेरका छन् र जसमा २१.८५ केटाहरु र ११.२ ५ केटीहरु छन्।

२३. नेपालमा कुल बालबालिकामा २० प्रतिशत दलित बालबालिका रहेका छन् जसमा १९ लाख पर्दछ।

*श्रोतः सिविन सूचना तथा श्रोत केन्द्र*

---


सिविन–नेपाल र प्लान नेपालको साझेदारीमा प्रकाशित

सिविन–नेपाल

Plan
Be a part of it.
प्लान–नेपाल

सम्पर्क ठेगानाः पो.ब.नं. ४३७४, रविभवन, काठमाण्डौ। इमेलःcwinpublication@gmail.com

प्रमुख सल्लाहकार : सुम्निमा तुलाधर

सल्लाहकारहरु : माधव प्रधान, तारक धिताल,सुवोध श्रेष्ठ, कुमार भट्टराई, रश्मिला शाक्य

विशेष सहयोग : शुभराज पोखरेल, सूर्यनारायण श्रेष्ठ, अञ्जना प्रधान, दीपेन्द्र पण्डित

सम्पादकःविमलकुमार थापा